# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








❐ वर्ष : २५ ❐ अंक : २१८ ❐ बिहीवार, ७ जेठ, २०८३ ❐ Thursday, 21 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


## काफल छरिएपछि चौतर्फी आलोचना, नगरपालिकाद्वारा १० हजार क्षतिपूर्ति



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ जेठ

वीरेन्द्रनगर नगरपालिकाका नगर प्रहरीबाट दुर्व्यवहारमा परेकी काफल व्यवसायी धमिला चौलागाईलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराएको छ। नगरप्रमुख मोहनमाया ढकालले बुधबार आफ्नै कार्यकक्षमा बोलाएर चौलागाईलाई १० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरेकी हुन्। मंगलबार साँझ वीरेन्द्रनगर-६ स्थित सिटी बसपार्क क्षेत्रमा फुटपाथ व्यवस्थापन गर्ने क्रममा नगर प्रहरीले चौलागाईले बिक्रीका लागि राखेको काफलको डालो पल्टाइदिएका थिए। नगर प्रहरीले जबरजस्ती डालो घोप्ट्याउँदा काफल सडकभरि छरिएको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेपछि नगरपालिकाको चर्को आलोचना भएको थियो।

घटनापछि जनस्तरबाट व्यापक विरोध भएपछि नगरपालिकाले विज्ञप्ति जारी गर्दै घटनामा संलग्न नगर प्रहरीमाथि कारबाही गर्ने र पीडित महिलालाई क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार नगरप्रमुख ढकालले चौलागाईलाई राहतस्वरूप रकम हस्तान्तरण गरेकी हुन्। नगरप्रमुख ढकालका अनुसार चौलागाईको करिब ७-८ सय रुपैयाँ बराबरको काफल नोक्सान भए पनि उनले भोग्नुपरेको मानसिक पीडा र आर्थिक अवस्थालाई ध्यानमा राख्दै थप सहयोग गरिएको हो। उहाँलाई भएको क्षतिभन्दा पनि उहाँले महसुस गर्नुभएको पीडा ठूलो थियो, त्यसैले राहतस्वरूप थप सहयोग गरिएको हो, नगरप्रमुख ढकालले बताइन्।

कालीकोट घर भई हाल वीरेन्द्रनगर-३ मा बस्दै आएकी चौलागाईले नगरपालिकाबाट सहयोग पाएपछि खुसी व्यक्त गरेकी छन्। नगरप्रमुख ढकालले उनलाई सुरक्षित स्थानमा बसेर व्यापार गर्न आग्रह गर्दै आगामी दिनमा समस्या परे नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि जनाइन्।

यसैबीच बुधबार चौलागाईले बिक्रीका लागि ल्याएको काफल नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूले खरिद गरिदिएका थिए। घटनापछि नगरपालिकाले नगर प्रहरीको व्यवहारप्रति आत्मसमीक्षा गर्दै आगामी दिनमा मानवअधिकार र मानवीय संवेदनशीलतालाई ध्यानमा राखेर काम गर्ने जनाएको छ।

# दैलेखको पेट्रोलियम परियोजना अन्योलमा

*चार हजार मिटरभन्दा बढी गहिराइसम्म ड्रिलिङ सम्पन्न भइसके पनि अबको मुख्य परीक्षण तथा व्यावसायिक उत्खनन प्रक्रिया अघि बढ्न सकेको छैन। चीन सरकारसँग कार्यतालिका स्पष्ट नहुँदा परियोजना सुस्त बनेको हो।*



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ६ जेठ

दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा ठूलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भए पनि उत्खननको दोस्रो चरण सुरु हुन नसक्दा परियोजना फेरि अन्योलमा परेको छ। नेपाललाई दशकौंसम्म ऊर्जा आपूर्ति गर्न सक्ने सम्भावना बोकेको यो परियोजना अहिले स्पष्ट कार्यतालिका अभाव र सरकारी ढिलासुस्तीका कारण सुस्त बनेको हो।

चीन सरकारको करिब दुई अर्ब १७ करोड रुपैयाँ अनुदान सहयोगमा 'चाइना जिओलोजिकल सर्भे'ले सन् २०१९ देखि जलजले क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक ग्यासको अध्ययन सुरु गरेको थियो। खानी तथा भूगर्भ विभागसँगको सहकार्यमा गरिएको अध्ययनपछि जमिनमुनि करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक निष्कर्ष सार्वजनिक भइसकेको छ। विज्ञहरूका अनुसार यो परिमाणको ग्यास नेपाललाई ५० देखि ६० वर्षसम्म पुग्न सक्ने क्षमता राख्छ। अध्ययनका क्रममा चार हजार १३ मिटर गहिराइसम्म सफल ड्रिलिङ सम्पन्न भएको छ, जुन नेपालकै सबैभन्दा गहिरो ड्रिलिङ मानिन्छ। पहिलो चरणको प्राविधिक प्रतिवेदन चिनियाँ पक्षले नेपाल सरकारलाई बुझाइसकेको छ। तर अबको सबैभन्दा महत्त्वपूर्ण चरण अर्थात् ग्यासको उत्पादकत्व, व्यावसायिक सम्भाव्यता र दीर्घकालीन भण्डारण परीक्षणको काम भने सुरु हुन सकेको छैन।

परियोजनाका सूचना अधिकारी प्रकाश लुइँटेलका अनुसार यो नेपाल र चीन सरकारबीचको जीटुजी परियोजना भएकाले दोस्रो चरण अगाडि बढाउन चिनियाँ पक्षलाई औपचारिक अनुरोध पठाइएको छ। तर उताबाट स्पष्ट कार्यतालिका नआएकाले प्रक्रिया अघि बढ्न ढिलाइ भइरहेको उनले बताए। दैलेखको यो परियोजनाले नेपाललाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउने सम्भावना बोकेको छ। यदि व्यावसायिक उत्खनन सुरु गर्न सकिएमा अहिले विदेशबाट आयात भइरहेको एलपी ग्यास र इन्धनमा खर्च हुने अर्बौं रुपैयाँ देशभित्रै रोकिन सक्छ। उत्पादित मिथेन ग्यासलाई सवारी साधनमा सिएनजीका रूपमा, उद्योगमा इन्धनका रूपमा तथा घरायसी प्रयोगका लागि भान्छाको ग्यासको विकल्पका रूपमा उपयोग गर्न सकिने विज्ञहरूको भनाइ छ। यसले ऊर्जा सुरक्षामा ठूलो योगदान पुऱ्याउनुका साथै नाकाबन्दी वा अन्तर्राष्ट्रिय बजारमा इन्धन संकट हुँदा पनि देशलाई राहत दिन सक्छ। यही विषयलाई लिएर दैलेख र कालिकोटका स्थानीय तहका जनप्रतिनिधि, प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरूले जेठ ३ गते महाबुलेकमा ऐतिहासिक संयुक्त बैठक गरेका छन्। बैठकले जलजले क्षेत्रमा रहेको पेट्रोलियम पदार्थको वास्तविक क्षमता एकिन गरी उत्खनन कार्यलाई तीव्र रूपमा अगाडि बढाउन सरकारसँग माग गर्ने निर्णय गरेको छ। बैठकमा सहभागी जनप्रतिनिधिहरूले दैलेखको पेट्रोलियम परियोजना केवल स्थानीय विषय नभई राष्ट्रिय आर्थिक रूपान्तरणको आधार बन्न सक्ने बताएका छन्। दुल्लु पञ्चकोशी क्षेत्र विकास संस्थाका अध्यक्ष नवीन योगीले यो आयोजना दैलेख मात्र होइन, समग्र नेपालकै भविष्यसँग जोडिएको बताए। उनले सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा परियोजनालाई शीर्ष राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने माग गरे।

## प्रतिनिधि सभामा दुई विधेयक प्रस्तुत, अर्को बैठक आज बस्ने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ६ जेठ

प्रतिनिधि सभाको अर्को बैठक आगामी बिहीबार बस्ने भएको छ। बुधबारको बैठकका निर्धारित कार्यसूचीहरू सम्पन्न भएसँगै सभामुख डीपी अर्यालले अर्को बैठक बिहीबार बिहान ११ बजे बस्ने जानकारी गराएका हुन्।

बुधबार बसेको प्रतिनिधि सभाको आठौं बैठकमा दुईवटा महत्वपूर्ण संशोधन विधेयकहरू प्रस्तुत गरिएका छन्। बैठकमा प्रधानमन्त्री तथा गृह मन्त्री बालेन्द्र शाहको तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले व्यवस्थापन कार्यअन्तर्गतका विधेयकहरू सदनमा पेश गरेकी हुन्।

मन्त्री गौतमले 'प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्दै उक्त विधेयक सदनमा पेश गरिन् त्यसैगरी, मन्त्री गौतमले नै 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' लाई पनि सदनसमक्ष प्रस्तुत गरिन्। २०८२ मा निर्वाचित प्रतिनिधि सभाको दोस्रो अधिवेशन अन्तर्गत बुधबारको बैठकमा यी दुवै विधेयकहरूलाई प्रस्तुत गर्ने र अनुमति माग्ने चारवटा कार्यसूचीहरू रहेका थिए। ती सबै कार्यसूचीहरू पूरा भएपछि बैठक बिहीबारसम्मका लागि स्थगित गरिएको हो।


## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

*सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।*

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

# सहकार्यबाटै सम्भव छ कर्णालीको विकास

दैलेख र कालिकोटका स्थानीय तहका जनप्रतिनिधिहरू महावु लेकमा भेला भएर साझा विकासका मुद्दामा केन्द्रित "विकास बहस" आयोजना गर्नु कर्णालीका लागि सकारात्मक र आशालाग्दो पहल हो । विकासका सवालमा स्थानीय तहहरू राजनीतिक सीमाभन्दा माथि उठेर एउटै मञ्चमा उभिनु अहिलेको आवश्यकता पनि हो । कर्णालीजस्तो भौगोलिक रूपमा विकट, पूर्वाधारमा कमजोर र राज्यको प्राथमिकताबाट लामो समयसम्म पछाडि परेको प्रदेशमा यस्ता साझा पहलहरूले विकासको नयाँ सम्भावना देखाएका छन् ।

महावु लेक प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र सांस्कृतिक महत्वले भरिएको क्षेत्र हो । दैलेखको महावु गाउँपालिका र कालिकोटको महावै गाउँपालिकाको सीमामा रहेको यो क्षेत्र केवल स्थानीय धार्मिक आस्थाको केन्द्र मात्र होइन, कर्णालीकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्न सक्ने सम्भावना बोकेको क्षेत्र पनि हो । तर पर्याप्त सडक, पूर्वाधार, प्रचार-प्रसार र लगानी अभावका कारण महावु क्षेत्र अझै ओझेलमै छ । यही सन्दर्भमा स्थानीय तहका जनप्रतिनिधिहरूले पर्यटन, सडक, सुरक्षा, आर्थिक सम्भावना र अन्तरजिल्ला समन्वयका विषयमा साझा धारणा बनाउनु महत्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

विशेषगरी महावु लेक-नाग्म सडक निर्माण र स्तरोन्नतिको मुद्दा अत्यन्त महत्वपूर्ण छ । कर्णालीका धेरै बस्ती आज पनि सडक पहुँचबाट पूर्ण रूपमा जोडिन सकेका छैनन् । सडक नहुँदा स्थानीय उत्पादन बजारसम्म पुग्दैन, पर्यटन विस्तार हुन सक्दैन र नागरिकले आधारभूत सेवा लिन समेत कठिनाइ भोग्नुपर्छ । यदि महावु-नाग्म सडक समयमै निर्माण हुन सके यसले दैलेख, कालिकोट र मुगु क्षेत्रको आर्थिक गतिविधिमा नयाँ गति ल्याउन सक्छ । पर्यटन, कृषि, व्यापार र स्थानीय रोजगारीका अवसर पनि विस्तार हुनेछन् । महावै धामको विकास गर्ने प्रतिबद्धता पनि सकारात्मक पक्ष हो । कर्णालीमा धार्मिक पर्यटनको ठूलो सम्भावना हुँदाहुँदै पनि आवश्यक पूर्वाधार अभावमा धेरै धार्मिक स्थल ओझेलमा छन् । महावै धामलाई व्यवस्थित धार्मिक गन्तव्यका रूपमा विकास गर्न सके आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । यसका लागि केवल घोषणा होइन, विस्तृत योजना, लगानी र दीर्घकालीन रणनीति आवश्यक हुन्छ । महावु लेकको यो बहसले एउटा महत्वपूर्ण सन्देश दिएको छ । कर्णालीको विकास एक्लाएक्लै सम्भव छैन । राजनीतिक, भौगोलिक र प्रशासनिक सीमाभन्दा माथि उठेर सहकार्य गर्न सके मात्रै कर्णालीले समृद्धिको बाटो समाउन सक्छ । अब विकासका सवालमा प्रतिस्पर्धा होइन, सहकार्यको संस्कृति निर्माण गर्नु समयको आवश्यकता हो ।

# राजनीति गर्ने हो भने संसद्बाट भाग्न मिल्दैन



✍ युवराज घिमिरे

झण्डै ६ साताअघि प्रचण्ड बहुमत हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिबद्धताअनुसार के गर्दै छ? प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो दायित्व बुझेका छन्? उनलाई त्यो कुर्सीमा पुऱ्याउन जनताले उनमा खासगरी २० वर्षयता सत्तामाथि आलोपालो र मिलेमतोमा नियन्त्रण गर्दै आएको १२-बुँदे निर्देशित राजनीतिविरुद्ध उभिएको एउटा फरक अनि प्रचुर सम्भाव्यता भएको विकल्पका रूपमा हेरेका थिए । त्यो बुझेमा शाह पक्कै पनि फरक नेता साबित हुनेछन् ।

६ सातायता प्रधानमन्त्री शाहले आफ्ना फरक-फरक र अनुमान गर्न नसक्ने व्यक्तित्व प्रदर्शन गरेका छन् । एक किसिमले उनी चारैतिर उभिएका शत्रुहरूको घेराबन्दीमा छन्, चक्रब्यूहभित्रको अभिमन्यूजस्तो । त्यस अर्थमा आफैं सत्य र न्यायको पक्षमा उभिएका 'पाण्डव' पक्षका रूपमा स्थापित गर्नु अर्को चुनौती हो उनका लागि ।

आफ्नो पहिचान, नीति, आदर्श र सिद्धान्त परिभाषित नगरी बालेनले आफू न्याय र राष्ट्रियताको पक्षमा लडेको साबित गर्न सक्दैनन् । २०६३ वैशाख ११ देखि भदौ २३, २०८२ सम्मका सबै प्रधानमन्त्रीले आफूलाई जवाफदेहिताको घेराभन्दा माथि राख्ने त्यो अधिनायकवादी चरित्र हो । आफूलाई त्यो चरित्रसँग कति नजिक या टाढा राख्न रुचाउँछन् बालेनले, त्यसैले उनको राजनीतिक पहिचान स्थापित गर्नेछ ।

संसद्मा राष्ट्रपतिको अभिभाषण बीचैमा निस्केको र पछि धन्यवाद प्रस्तावमा जवाफ प्रधानमन्त्रीले दिने संसदीय अभ्यास अनुसरण नगरेपछि उनी नयाँ विवादमा आएका छन् । उनका केही राजनीतिक आफन्तले 'क्रमभंगता'भन्दै त्यसलाई महान् अभ्यासका रूपमा प्रस्तुत गरेका छन् ।

एउटा प्रश्न र समस्यालाई तर्क र कुतर्क दुवै हिसाबले विश्लेषण गर्न सकिन्छ । 'सेतो क्यानभास' जुत्तामा संसद्मा जानु क्रान्तिकारी कदम हैन । यो प्रचण्ड शैलीको कुतर्क हो । पहिलो पल्ट प्रधानमन्त्रीको शपथ खाएलगत्तै चीन जाँदा उनले नेपालका प्रधानमन्त्रीहरूले पहिला भारत जाने गरेको कूटनीतिक अभ्यासमा 'क्रमभंगता' भएको तर्क दिएका थिए । तर, चार दिनपछि त्यहाँबाट फर्केर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्नेबित्तिकै उनको क्रान्तिकारी दम्भ हरायो ।

'मेरो पहिलो राजनीतिक भ्रमण भारत नै हुनेछ', उनको अभिव्यक्ति थियो । मुलुकको प्रधानमन्त्रीले अनावश्यक कुरा बोल्दा प्रत्युत्पादक हुन्छ र पछिसम्म त्यो अपमानको नजिर बनिरहन्छ । र, निःसन्देह यसपल्टको संसद् युवामञ्च हो । धेरैलाई संसद् सञ्चालन, त्यसका विधि, प्रक्रिया र परम्पराबारे जानकारी छैन । जानकारी नहुनुलाई अन्यथा भन्न मिल्दैन, तर अज्ञानतालाई शक्ति मान्ने दम्भ शोभनीय र स्वीकार्य हुन सक्दैन । त्यसैले अपमान र पतनको बाटो पनि निर्माण गर्ने गर्छ । राष्ट्रपति रामचन्द्र पौडेलले संसदीय परम्परा निर्वाह गर्दै संसद्को संयुक्त अधिवेशनसमक्ष बालेन सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा बीचमै कुनै जानकारी नदिई प्रधानमन्त्री सदनबाट बाहिरिनुलाई पदीय र संसदीय मर्यादाअनुकूल मान्न सकिन्न । त्यस्तै, राष्ट्रपतिलाई 'धन्यवाद' प्रस्ताव पारित गर्नु संवैधानिक दायित्व र संसदीय अभ्यास दुवै हुन् । त्यसमा प्रधानमन्त्रीको उदासीनता अकल्पनीय हुन्छ । तर, प्रजातान्त्रिक अभ्यासमा अनेक विकल्प हुन्छन् । प्रधानमन्त्री कुनै वैध र स्वीकार्यकरणले उपलब्ध नहुँदा उनको चाहनामा अर्को मन्त्रीले उनलाई या सरकारलाई प्रतिनिधित्व गर्न सक्छन् ।

बालेन शाह स्वयं संसद्का अथवा त्यहाँका सबै दलका नेता हुन् । त्यसैले उनी प्रधानमन्त्री बनेका हुन् । सदनको अवमूल्यन गर्नुको अर्थ प्रधानमन्त्रीले कालिदास प्रवृत्ति देखाउनु हो, आफैं बसेको हाँगाको फेद काट्नु । संसद्को पतन या अवमूल्यनको प्रत्यक्ष असर त्यसको नेतामाथि हुन्छ ।

सशक्त प्रतिपक्ष, न्यायालयको एउटा समूह, संसदीय परम्परा र मान्यतालाई सम्मान गर्ने अर्को पक्ष, सरकारको बुल्डोजर अभियानबाट विस्थापित हजारौं जनता, अध्यादेश राजका विरोधी तथा अध्यादेशबाटै विघटित या प्रतिबन्धित विद्यार्थी संगठन र ट्रेड युनियनहरू सबै बालेनलाई घेरा हाल्ने चक्रब्यूहका खम्बा हुन् । ती खम्बालाई जोड्न हिजोकी बालेनकी प्रधानमन्त्री तथा जेनजीलाई आफ्ना सन्तती मान्ने सुशीला कार्की सिमेन्ट भर्दै छिन् ।

विरोध अलिकति अघि बढ्नासाथ उनीमाथिको घेराबन्दी सुरु हुन सक्छ । बालेन यदि संवैधानिक संस्थाको मर्यादा र परम्परा, न्यायपालिकाको स्वायत्तता, शक्तिपृथकीकरणको सिद्धान्त, भ्रष्टाचारको विरोध र आर्थिक उन्नति तथा लगानीको वातावरण निर्माणमा लागे भने उनीविरुद्धका गतिविधि स्वाभाविक रुपमा निस्तेज हुनेछन् । चक्रब्यूहबाट विजयी निकास पाउनेछन् उनले । तर, पुरानै शैलीमा जवाफदेहीभन्दा माथि र संसद्भन्दा माथि आफूलाई राख्ने प्रयासले उनलाई असफलतातर्फ धकेल्नेछ धेरै छिटो ।

बालेनले स्पष्ट जनादेश पाए पनि उनको सत्ताले विगत ६ सातामा राज्यको चरित्र परिवर्तन गर्न या पहिलेका बेथिति सम्बोधन गर्न सकेको छैन । राजनीतिक प्रतिपक्षलाई हत्कडी लगाउने परम्परालाई यो सरकारले निरन्तरता दिएको छ ।

त्यस्तै, बैंकको खराब लोन रिकभरी या ऋण असुली प्रक्रियालाई राष्ट्र बैंकको जानकारीमा उसको निर्देशन र नीतिअनुरुप लिलामी प्रक्रिया अघि बढाउने बैंकका कार्यकारीलाई प्रहरीको आततायी व्यवहारको सिकार बनाइने थिएन । नेपाल प्रहरी तथा सिआइबीमा आर्थिक र बैंकिङ कसुरसम्बन्धी आरोपको छानबिन गर्न विज्ञता छैन । तर, सत्ताको अन्धभक्त या सत्ताशीन कुनै व्यक्तिको चाहनामा निश्चित व्यक्तिलाई निशाना बनाउने परम्परामा कायम छ । यसले सरकार प्रमुख बालेनलाई ओली, शेरबहादुर देउवा या प्रचण्डको विकल्प हैन, उनीहरूको अर्को भाइ बनाउँछ ।

२०८१ चैत १५ राजसंस्थाका समर्थकलाई, भदौ २३ मा जेनजी समूहलाई र यता बैंकिङ र व्यापार क्षेत्रका अगुवाहरूलाई निशाना बनाउने प्रवृत्तिमा प्रहरीले त्यही भूमिकालाई निरन्तरता दिइरहेको छ । यदि बालेन शाह नेतत्वको प्रहरी केपी ओली या प्रचण्ड सरकारको प्रहरीभन्दा फरक नहुने हो भने बालेन उनीहरूभन्दा फरक कसरी साबित होलान्? स्पष्ट नीति र आचरणबारे सरकारले आधिकारिक अभिव्यक्ति दिने थलो संसद् हो । त्यहाँबाट भाग्नु भनेको कुरुक्षेत्रबाट खुट्टा कमाएर अर्जुन भाग्नुसरह हो ।

प्रहरीले केही समयअघि गिरफ्तार गरेका दीपक भट्ट अहिले पनि न्यायिक हिरासतमै छन् र विभिन्न आर्थिक र अपराधमा छानबिनका क्रममा छन्, सोधपुछ जारी छ । तर, उनी संलग्न केही कारोबार, खासगरी 'रि इन्स्योरेन्स' र 'धितोपत्र' मामिलामा केही जानकारी आए पनि बयानमा आएका बाँकी विवरण गोप्य नै छन् । अतीतमा विभिन्न अर्थमन्त्री र प्रधानमन्त्रीसँग भट्टको पहुँच र प्रभावको कुरा धेरै बाहिर आए पनि त्यो तहका राजनीतिज्ञहरूसँग विगत एक महिनामा बयान लिइएको छैन ।

दुईवटा प्रश्न स्वाभाविक रूपमा उठ्छन् यसमा । छानबिनको दायरामा किन कुनै उच्च तहका राजनीतिज्ञ, प्रधानमन्त्री र अर्थमन्त्रीहरू ल्याइएका छैनन्? दोस्रो, यदि विगतको सत्तामा दीपक भट्टमार्फत सबै ठूला ठेक्कापट्टा, लगानी बाँडिन्थे या प्रभावित हुन्थे भने त्यो हैसियत बन्न कसले सहयोग गऱ्यो? यसको जवाफ स्पष्ट हुने गरी अनुसन्धान निकायको कारवाही अघि नबढेमा त्यो एउटा देखाउनका लागि गरिएको गिरफ्तारीमा सीमित हुनेछ ।

अति उत्साह, कानुनी प्रक्रिया र शैलीलाई बेवास्ता गर्दै केही दिनको चुरीफुरीपछि राजीनामा दिन बाध्य सुधन गुरुङभन्दा बालेन शाह फरक छन् भन्ने प्रमाण बाहिर आउनै पर्छ । बैंक र व्यापारीलाई तर्साएर सरकार शक्तिशाली हुन सक्दैन बरु उसले लगानी र अन्य कारोबारलाई निरुत्साहित गर्छ ।

# बबईमा पुल निर्माणको तयारी तीव्र

**काँक्रेविहार संवाददाता**
बर्दिया, ६ जेठ

बबई नदीको जब्दीघाटमा नयाँ पुल निर्माण हुने भएको छ । अर्थ मन्त्रालयले बहुवर्षीय स्रोत सुनिश्चित गरेपछि गुलरिया नगरपालिका र बारबर्दिया नगरपालिका जोड्ने पुल निर्माण प्रक्रिया अघि बढ्ने भएको हो ।

अर्थ मन्त्रालयले गुलरिया नगरपालिका चार र बारबर्दिया नगरपालिका ११ जोड्ने उक्त पुलका लागि एक अर्ब १८ करोड रुपैयाँ स्रोत सुनिश्चित गरेको छ ।

नरेन्द्र भट्ट का अनुसार स्रोत सुनिश्चितताको पत्र प्राप्त भएपछि लागत अनुमान तथा बिडिङ डकुमेन्ट स्वीकृतिको काम अघि बढाइएको छ ।



उनका अनुसार अबको दुई साताभित्रै पुल निर्माणका लागि ठेक्का आह्वान गरिनेछ र चालु आर्थिक वर्षमै ठेक्का प्रक्रिया सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

यस वर्ष पुलका लागि ११ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । यसअघि अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा पुल निर्माणका लागि बजेट विनियोजन भए पनि स्ट्यान्डर्ड बिडिङ डकुमेन्ट समयमा तयार नहुँदा ठेक्का प्रक्रिया अघि बढ्न सकेको थिएन ।

डिजाइन एन्ड बिल्ड मोडेलमा निर्माण हुने भएकाले आवश्यक तयारी पूरा नभएसम्म प्रक्रिया रोकिएको थियो । स्रोत सहमति भएको वर्षमै प्रक्रिया अघि नबढे पुनः स्रोत सहमति लिनुपर्ने व्यवस्था भएकाले केही ढिलाइ भएको बताइएको छ ।

पुल निर्माण प्रक्रिया अघि बढ्ने भएपछि स्थानीयवासीमा खुशी छाएको छ । बारबर्दिया नगरपालिकाका नगर प्रमुख छविलाल थारू ले पुल नहुँदा लामो समयदेखि समस्या भोग्दै आएको भन्दै छिटो निर्माण प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

पुल निर्माणपछि बारबर्दिया नगरपालिका सिधै सदरमुकाम गुलरियासँग जोडिनेछ । हाल पुरानो संरचना क्षतिग्रस्त भएपछि स्थानीयवासी डुङ्गाबाट नदी पार गर्न बाध्य हुँदै आएका छन् ।

# नर्वेकी एक पत्रकारले मोदीलाई प्रश्न सोध्दा भारतमा खैलाबैला !

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ६ जेठ

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी हत्तपत्त देशभित्रका पत्रकारसँग दोहोरो सवाल-जवाफ गर्दैनन् । उनी स्वदेशमा बोलाइएका अतिथिसँग पनि आफ्ना कुरा राख्छन्, हिँड्छन् । अर्थात्, उनी पत्रकारका कुनै प्रश्नको जवाफ दिँदैनन्

विदेश भ्रमणमा जाँदा पनि उनी पत्रकारका प्रश्नबाट टाढिइरहन्छन् । तर यस पटक उनी नर्वे भ्रमणका क्रममा एक नर्वेजियन पत्रकारले सोधेको साधारण प्रश्नका कारण विवादमा तानिए । एकजना युवा पत्रकारको साधारण तर असहज प्रश्नले भारतमा प्रेस स्वतन्त्रता, मानवअधिकार र सरकारको जवाफदेहितामाथि नयाँ बहस छेडिदिएको छ । अवस्था यतिसम्म भएको छ कि यो बहसमा भारतीय विपक्षी नेता राहुल गान्धीसमेत जोडिएका छन् । नर्वेको दैनिक पत्रिका डागसाभिसेनकी पत्रकार २८ वर्षीया हेल्ली लिङ स्भेन्डसेनले ४३ वर्षपछि आफ्नो देशमा आएका मोदीलाई 'किन तपाईं स्वतन्त्र प्रेसका प्रश्न लिनुहुन्न ?' भनेर सोधिन् । संयुक्त वक्तव्यपछि नर्वेका प्रधानमन्त्री जोनास गर स्टोसँगै उभिएका उनी हेल्लीको उक्त प्रश्नपछि जुरुक्क उठेर हिँडे । तर उनै २८ वर्षीया युवा पत्रकारको एउटा प्रश्नले भारतको सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म व्यापक चर्चा पाएको छ । मोदीलाई प्रश्न गरेकै कारण उनको फेसबुक र इन्स्टाग्राम आइडी उडाइएको छ ।

# नेपालगञ्जदेखि पोखरा उडान स्थगित

**काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, ६ जेठ

बुद्ध एयरले सञ्चालन गर्दै आएको नेपालगञ्ज-पोखरा सिधा हवाई उडान केही समयका लागि स्थगित गरेको छ। करिब पाँच वर्षदेखि सञ्चालनमा रहेको उक्त सेवा मङ्गलबारदेखि रोकिएको हो।

बुद्धएयर नेपालगञ्ज स्टेशनका प्रमुख विनितविक्रम शाहका अनुसार भारतबाट आउने धार्मिक पर्यटकको संख्या घट्नु तथा इन्धन खर्च बढ्नु उडान स्थगित हुनुका मुख्य कारण हुन्। उनले एक महिना सम्म पर्ने मलमासका कारण भारतीय पर्यटकको आगमन न्यून भएको र इन्धनको मूल्यवृद्धिले सञ्चालन खर्च बढेकाले उडान केही समयका लागि रोक्नुपरेको बताए।

पर्यटन प्रवर्द्धन तथा भारतीय यात्रुलाई सहजता प्रदान गर्ने उद्देश्यले विसं २०७८ साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज-पोखरा सिधा उडान सञ्चालन हुँदै आएको थियो। उक्त सेवा सञ्चालनमा आएपछि पश्चिम नेपालका यात्रु र पर्यटन व्यवसायीले ठूलो राहत महसुस गरेका थिए।

उडान स्थगित भएपछि यात्रु फेरि लामो तथा कठिन सडक यात्रामा निर्भर हुन बाध्य भएका छन्। हवाईमार्गबाट करिब ३५ मिनेटमा पोखरा पुग्न सकिने भए पनि अब सडकमार्ग हुँदै कम्तीमा १४ घण्टाको यात्रा गर्नुपर्ने अवस्था सिर्जना भएको छ। एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) नेपालगञ्ज को पहलमा सुरु गरिएको उक्त सेवा क्षेत्रीय पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण मानिएको थियो।

नाट्टा नेपालगञ्जका संस्थापक अध्यक्ष श्रीराम सिग्देल ले बुद्ध एयरले नियमित तालिकाअनुसारको उडान रोकेको जानकारी आएको बताउँदै सरकारी पहलको अभावमा सेवा बन्द हुने अवस्थामा पुगेको टिप्पणी गरे।

# कर्णालीको आर्थिक वृद्धिदर घट्ने अनुमान

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ६ जेठ



आगामी आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश को आर्थिक वृद्धिदर घट्ने प्रारम्भिक अनुमान गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्क अनुसार कर्णाली प्रदेशको स्थिर मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर २.९४ प्रतिशत रहने अनुमान गरिएको हो। चालु आर्थिक वर्ष २०८१/८२ मा भने यो वृद्धिदर ५.२५ प्रतिशत रहने संशोधित अनुमान गरिएको थियो।

तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा दुई खर्ब ७७ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन दुई खर्ब ६३ अर्ब रुपैयाँ रहने संशोधित अनुमान गरिएको थियो।

राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान आगामी आर्थिक वर्षमा ४.२ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ, जुन चालु आर्थिक वर्षको ४.३ प्रतिशतभन्दा केही कम हो।

प्रतिवेदनअनुसार कर्णाली प्रदेशमा आगामी आर्थिक वर्षमा सबैभन्दा धेरै वार्षिक वृद्धिदर वित्तीय तथा बीमा सेवा क्षेत्रमा हुने अनुमान गरिएको छ।

बैंक तथा वित्तीय संस्थामा निक्षेप सङ्कलन तथा ऋण प्रवाह विस्तार हुँदै जाँदा यस क्षेत्रको गतिविधि बढ्ने अपेक्षा गरिएको हो।

पछिल्लो समय प्रदेशमा बैंकिङ पहुँच विस्तार, सहकारी तथा वित्तीय कारोबार बढ्दै गएकाले वित्तीय क्षेत्रले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ। त्यस्तै विद्युत् तथा ग्यास क्षेत्रमा पनि उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ।

औद्योगिक तथा घरायसी विद्युत् उपभोगमा भएको वृद्धिका कारण उक्त क्षेत्रको विस्तार हुने बताइएको छ। यातायात पूर्वाधार विस्तार तथा सडक पहुँच बढ्दै जाँदा यातायात तथा भण्डारण क्षेत्रमा समेत सुधार आउने प्रारम्भिक अनुमान गरिएको छ।

यद्यपि सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रमा भने न्यून वृद्धि हुने प्रक्षेपण गरिएको छ। सरकारी खर्च अपेक्षाअनुसार विस्तार हुन नसक्दा उक्त क्षेत्रमा आर्थिक गतिविधि सुस्त रहने तथ्याङ्क कार्यालयले जनाएको छ।

प्रदेशगत रूपमा हेर्दा कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा विद्युत् तथा ग्यास क्षेत्रको वृद्धिदर सबैभन्दा उच्च रहने अनुमान गरिएको छ।

कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने वित्तीय तथा बीमा सेवा क्षेत्रले सबैभन्दा धेरै वृद्धि गर्ने अनुमान गरिएको छ।

प्रतिवेदनमा मधेश प्रदेशमा कृषि क्षेत्रको वृद्धिदर ऋणात्मक रहने उल्लेख गरिएको छ भने लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको वृद्धिदर ऋणात्मक रहने अनुमान गरिएको छ। त्यस्तै कोशी प्रदेशमा पानी आपूर्ति तथा फोहोर व्यवस्थापन क्षेत्रको वृद्धिदर सबैभन्दा न्यून रहने प्रारम्भिक अनुमान सार्वजनिक गरिएको छ।

यसैबीच आर्थिक वर्ष २०८२/८३ मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन एक हजार पाँच सय १३ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन भने एक हजार एक सय आठ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान गरिएको छ।

चालु आर्थिक वर्ष २०८१/८२ मा कर्णालीको प्रतिव्यक्ति आय एक हजार एक सय २१ अमेरिकी डलर रहने संशोधित अनुमान गरिएको थियो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले डलरको विनिमयदरमा आएको वृद्धिका कारण प्रतिव्यक्ति आयमा प्रभाव परेको जनाएको छ। उत्पादन, लगानी र सरकारी खर्च अपेक्षाअनुसार विस्तार हुन नसक्दा कर्णालीको आर्थिक वृद्धिदरमा दबाब परेको विश्लेषण गरिएको छ।

विशेषज्ञहरूले कर्णालीमा उत्पादनमुखी उद्योग, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासलाई प्राथमिकता दिन सके आर्थिक गतिविधि विस्तार भई प्रदेशको अर्थतन्त्र थप सुदृढ बन्न सक्ने बताएका छन्।

# भ्यु टावरमा पर्यटकको आकर्षण बढ्दो

**काँक्रेविहार संवाददाता**
डोल्पा, ६ जेठ



हिमाली जिल्ला डोल्पा जिल्ला को जगदुल्ला गाउँपालिका चार थोप्लाग्नामा निर्माण गरिएको पर्यटकीय भ्यु टावर पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख आकर्षण बनेको छ।

जुम्ला-डोल्पा सीमाना नजिक अवस्थित यो स्थलले प्राकृतिक सौन्दर्यसँगै क्षेत्रीय पर्यटन सम्भावनालाई नयाँ उचाइ दिएको स्थानीयवासीले बताएका छन्।

करिब ६० लाख रुपैयाँको लागतमा निर्माण गरिएको उक्त भ्यु टावरबाट जगदुल्ला र मुड्केचुला गाउँपालिका क्षेत्रका मनोरम हिमाली दृश्य अवलोकन गर्न सकिन्छ।

हरियाली पहाड, हिमशृंखला र प्राकृतिक भू-दृश्यको संगमले थोप्लाग्नालाई पर्यटकको रोजाइमा पार्दै लगेको छ।

कर्णाली राजमार्ग र भेरी करिडोर हुँदै यात्रा गर्ने पर्यटकका लागि यो स्थल नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ।

पछिल्लो समय युवायुवतीदेखि वृद्धवृद्धासम्म भ्यु टावर पुग्ने क्रम बढेको छ भने सामाजिक सञ्जालका लागि भिडियो तथा सामग्री बनाउनेहरूको समेत भीड देखिन थालेको छ।

स्थानीय रामबहादुर शाहीका अनुसार जगदुल्ला आउने अधिकांश पर्यटकले थोप्लाग्ना भ्यु टावर नपुगी यात्रा अधुरो महसुस गर्ने गरेका छन्।

प्राकृतिक रूपमा अत्यन्त सुन्दर क्षेत्रमा निर्माण गरिएको भए पनि खानेपानी, विश्रामस्थल र सरसफाइ जस्ता आधारभूत पूर्वाधारको अभावले पर्यटकलाई केही समस्या हुने गरेको छ।

सञ्चारकर्मी लेख बुढाले स्थानीय सरकारले पर्यटन प्रवर्द्धनका लागि आकर्षक संरचना निर्माण गरे पनि खानेपानी, विश्रामस्थल र व्यवस्थापन सुधार गरेमा थोप्लाग्ना अझ उत्कृष्ट पर्यटकीय गन्तव्य बन्न सक्ने बताए।

गाउँपालिकाका प्रतिनिधि केशवराज जैसीका अनुसार पर्यटन प्रवर्द्धनमार्फत स्थानीय आर्थिक गतिविधि बढाउने र समग्र विकासको नयाँ मोडेल स्थापित गर्ने उद्देश्यसहित भ्यु टावर निर्माण गरिएको हो।

हिमाली भूगोल, प्राकृतिक सौन्दर्य र आधुनिक संरचनाको संयोजनले थोप्लाग्ना अब डोल्पाको उदाउँदो पर्यटन केन्द्रका रूपमा स्थापित हुँदै गएको छ।

# राष्ट्रिय परिचयपत्रका लागि २० हजार खर्च

**काँक्रेविहार संवाददाता**
हुम्ला, ६ जेठ



राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सदरमुकाम सिमकोट पुग्नुपर्ने बाध्यताका कारण ठूलो आर्थिक भार बेहोर्नुपरेको छ।

अदानचुली, ताजाकोट, सर्केगाड र चरे ली गाउँपालिकाका स्थानीयले परिचयपत्र लिन मात्रै करिब २० हजार रुपियाँसम्म खर्च गर्नुपर्ने अवस्था रहेको बताएका छन्।

सरकारले गत वर्ष गाउँमै पुगेर निःशुल्क रूपमा विवरण सङ्कलन गरेपछि नागरिक उत्साहित भएका थिए। तर परिचयपत्र लिन अनिवार्य रूपमा सिमकोट जानुपर्ने भएपछि दुर्गम बस्तीका नागरिक थप समस्यामा परेका छन्।

यातायात, खाना, बसोबास तथा अन्य खर्च जोड्दा एक जनालाई आउजाउमै ठूलो रकम खर्चिनुपर्ने स्थानीयको भनाइ छ।

विशेष गरी ज्येष्ठ नागरिक, अशक्त तथा न्यून आय भएका परिवार यसबाट बढी प्रभावित भएका छन्। सर्केगाड गाउँपालिका सात रोडीकोटका ज्येष्ठ नागरिक रतन्या जैसीले गाउँमै सेवा उपलब्ध हुने आशा गरे पनि अहिले परिचयपत्र लिन लामो यात्रा गर्नुपर्ने अवस्था आएको बताए। उनका अनुसार सामाजिक सुरक्षा भत्ता तथा बैङ्किङ कारोबारका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि समस्या झन् बढेको छ। अदानचुली दुईका लालकेश भण्डारीले एउटा परिचयपत्रकै लागि यति धेरै दुःख र खर्च गर्नुपर्नु दुःखद भएको बताउँदै गाउँपालिकामै कार्ड वितरणको व्यवस्था गर्न सरकारसँग माग गरे। ताँजाकोट गाउँपालिकाकी मनसरा रोकायाले पनि कमजोर आर्थिक अवस्थाका कारण परिचयपत्र लिन सदरमुकाम पुग्न कठिन भएको गुनासो गरे। उनले बैङ्क खाता सञ्चालनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि थप चिन्ता बढेको बताए।

स्थानीयवासीले राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाउने निर्णयसँगै यसको वितरण प्रणालीलाई पनि सहज र पहुँचयोग्य बनाउन सरकारसँग माग गरेका छन्। विकट जिल्ला हुम्लामा सेवा विस्तारको चर्चा भए पनि व्यवहारमा नागरिकले अझै महँगो यात्रा र आर्थिक बोझ व्यहोर्नुपरेको गुनासो बढ्दै गएको छ।

यस विषयमा प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी ले हाल नेपाल सरकारको नीति अनुसार नै परिचयपत्र वितरण भइरहेको बताए। साथै, आगामी दिनमा आफन्तमार्फत पनि परिचयपत्र बुझ्न सकिने व्यवस्था मिलाउने तयारी भइरहेको जानकारी दिए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# खेलकुद पत्रकार मञ्च सुर्खेतमा नयाँ कार्यसमिति चयन



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ६ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च समन्वय शाखा सुर्खेतको अध्यक्षमा नविन शाही निर्वाचित भएका छन् । बुधबार वीरेन्द्रनगरमा सम्पन्न मञ्चको दोस्रो साधारण सभाले शाहीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा रमा केसी, सचिवमा अप्सरा विष्ट, सहसचिवमा नविन सुवेदी तथा कोषाध्यक्षमा सिर्जना बुढाथोकी चयन भएका छन् । यस्तै सदस्यहरूमा मिलन श्रेष्ठ,राकेश पौडेल, तिलक, र भावना राना रहेका छन् ।

साधारण सभामा बोल्दै निवर्तमान अध्यक्ष भानुभक्त अधिकारीले खेलकुद पत्रकारिताको महत्व, जिम्मेवारी तथा चुनौतीबारे धारणा राखेका थिए । उनले खेल क्षेत्रको विकास र खेलाडीको पहिचान स्थापित गर्न खेल पत्रकारको भूमिका महत्वपूर्ण हुने बताए ।

कार्यक्रममा कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव रविन्द्र चन्दले कर्णालीका खेलाडीलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउन तथा खेलाडीहरूको प्रोफाइल निर्माणमा खेलकुद पत्रकार मञ्चसँग सहकार्य गर्न परिषद् तयार रहेको बताए ।

उनले कर्णालीका लोपोन्मुख तथा परम्परागत खेलहरूको संरक्षण र प्रवर्द्धनका लागि पत्रकारहरूले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिए । साथै आगामी दिनमा कर्णालीमा 'पल्सर स्पोर्ट्स अवार्ड' आयोजना गर्ने योजना रहेको जानकारी पनि दिए ।

नेपाल खेलकुद पत्रकार मञ्चका केन्द्रीय प्रतिनिधि तथा सदस्य नविन लुइटेलले आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सफल बनाउन खेल पत्रकारहरूको भूमिका महत्वपूर्ण रहने बताए । उनले मोफसलमा खेल पत्रकारिताको विकासका लागि क्षमता अभिवृद्धि तालिम, फेलोसिप तथा खोजमूलक रिपोर्टिङलाई प्राथमिकता दिनुपर्ने सुझाव दिए । पुराना खेलाडीहरूको योगदान उजागर गर्न खेलकुद विकास परिषद्ले नै विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष सुशीलराज शर्माले सुर्खेतमा लामो समयदेखि खेलकुदसम्बन्धी रिपोर्टिङ हुँदै आएको उल्लेख गर्दै मोफसलमाविधागतपत्रकारिता गर्न चुनौतीपूर्ण अवस्था रहेको बताए । उनले पछिल्लो समय सरकारले मिडिया र पत्रकारितालाई कमजोर बनाउने खालका गतिविधि गरिरहेको आरोपसमेत लगाए । साथै लोककल्याणकारी विज्ञापन रोक्ने निर्णयले प्रदेशका सञ्चारमाध्यम थप समस्यामा परेको उनको भनाइ थियो ।




## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०७**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री समुन्द्रा चालिसे** धनी रहेको, **दर्ता नम्बर** ९५७१ बाट **वीरेन्द्रनगर-१४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **न्यू चालिसे खाजा घर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०७**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बाटु कार्की** धनी रहेको, **दर्ता नम्बर ७६५८** बाट **वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **विश्व कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०७**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खुमबहादुर रास्कोटी** धनी रहेको, **दर्ता नम्बर** ३२७२ बाट **वीरेन्द्रनगर-१२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **रास्कोटी कुखुरा फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

**डेंगु रोगबाट कसरी बच्ने ?**

लामखुट्टेको टोकाईबाट हुने डेंगु रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ :-

- पुरा बाहुला भएको लुगा लगाउने कुल भित्र मात्र सुले
- घरको इयाल ठोकामा लामखुट्टे नर्छिने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजंजिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ठल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हसाको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसकने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर तहलिंदा, वा पार्कमा जाँदा/बालबालिकालाई लैजादा लामखुट्टेते नटोकोस् भनेर विशेष सावधानी अपनाउने

स्वास्थ्य सेवा कार्यालय
दैलेख

**डुङ्गेश्वर गाउँपालिकाको अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाइसराइजस्ता व्यक्तिगत घटना बडा कार्यालयमा गई ३५ दिनभित्र निःशुल्क दर्ता गरौं।
- चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं। चाडपर्वमा फजुल खर्च नगरौं। हाम्रा सांस्कृतिक पर्वहरुको जगेना गरौं।
- लैङ्गिक हिंसारहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सबै सहभागी बनौं।
- ज्येष्ठ नागरिकको सम्मान गरौं। सभ्यताको परिचय दिऔं।
- बालबालिकालाई उचित माया, ममता र सम्मान गरौं, बालश्रमको अन्त्य गरौं।
- सार्वजनिक जग्गाहरु जस्तैः बाटो, मठमन्दिर, ढल, नाला, चौक, पोखरी अतिक्रमण गरी घर, कम्पाउण्ड र टहरा निर्माण नगरौं।
- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ त्यसैले डेंगीबाट बच्च लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं, घर कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं, पानी राखेको भाँडालाई छोपेर राखौं।

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

**डेंगु रोगबाट कसरी बच्ने ?**

लामखुट्टेको टोकाईबाट हुने डेंगु रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ :-

- पुरा बाहुला भएको लुगा लगाउने कुल भित्र मात्र सुले
- घरको इयाल ठोकामा लामखुट्टे नर्छिने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजंजिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ठल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हसाको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसकने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर तहलिंदा, वा पार्कमा जाँदा/बालबालिकालाई लैजादा लामखुट्टेते नटोकोस् भनेर विशेष सावधानी अपनाउने

प्रदेश जन स्वास्थ्य प्रयोगशाला
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

**सम्पूर्ण छपाईका काम**
**एकै ठाउँमा**

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका
आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)